भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०७३

## भिमाद नगरपालिका क्षेत्राधिकार भित्रको नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर संकलन शुल्क सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०५/२२)

भिमाद नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ को खण्ड (घ) (६) बमोजिम आ.व. २०७६/०७७ का लागि तपसिल बमोजिमका नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर संकलन शुल्क कार्यालयले तोकेको न्यूनतम रकमबाट बढाबढ हुने गरी ठेक्का माध्यमबाट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र दरभाउपत्र खरिद गरी फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व.२०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित पेस गरी रितपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का नम्बर | घाटको नाम | उत्खनन हुने अधिकतम परिमाण (घनफिट) | न्यूनतम रकम (कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| ०१/०७६-०७७ | तल्लो दब्ल्याङ/ सेती नदी दायाँ किनारा | २११६८० | ८,४७,०००।०० | १,०००।०० |
| ०२/०७६-०७७ | बादरकुना/सेती नदी दायाँ किनारा | ३९५१३६ | १५,८०,६००।०० | १,०००।०० |
| ०३/०७६-०७७ | बगरघाट/क्याङदी नदी दायाँ किनारा | ३५२८० | १,४१,५००।०० | १,०००।०० |
| ०४/०७६-०७७ | सिस्नेरी/सेती नदी दायाँ किनारा | १७६४०० | ७,०५,६००।०० | १,०००।०० |
| ०५/०७६-०७७ | कार्तिके/सेती नदी दायाँ किनारा | १६४६४०.१२ | ६,५८,६००।०० | १,०००।०० |
| ०६/०७६-०७७ | झकास/सेती नदी दायाँ किनारा | ५४३३१२ | २१,७३,५००।०० | १,०००।०० |

शर्तहरु :

१. यस कार्यालयबाट प्रमाणित भएको दरभाउपत्र फाराम शिलवन्दी दरभाउपत्र दाता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, नागरिकता र आ.व. २०७४/०७५ को करचुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. शिलवन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०७६/०६/०५ गते कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । शिलवन्दी दरभाउपत्र फारामहरु भरी शिलबन्दी गरी १६ औं दिन अर्थात मिति २०७६/०६/०६ गतेको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दाताहरुको समेत रोहवरमा खोलिनेछ। शिलवन्दी दरभाउपत्र दाताहरु उपस्थित नभएमा पनि शिलवन्दी

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

४. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन, तर शिलवन्दी दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा शिलवन्दी दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

५. कुनै शर्त राखी पेश गरेको,हुलाक मार्फत पठाएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

६. शिलबन्दी दरभाउपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र शिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ ।

७. शिलवन्दी दरभाउपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखि कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, भिमादमा रहेको धरौटी खाता च.हि.नं. A7CA500649524004 मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) गोप्य शिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८. ठेक्का सम्झौता गर्दा शिलवन्दी दरभाउपत्र दाताले पेश गरेको कवोल अंकको मु.अ.कर (VAT) १३% र अग्रीम आयकर बापतको १.५% थप गरी कुल रकम कायम गरी सम्झौता गरिनेछ ।

९. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा बिभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५०% मध्ये पहिलो किस्ता ५०% सम्झौताको बखत दाखिला गरी बाँकी दोश्रो किस्ता ५०% को हकमा बाँकी रकमको १०% थप गरी जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट २०७७ श्रावण मसान्त सम्म मान्य हुने बैंक जमानत (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ । बाँकी ५०% रकमको किस्ता २०७६ माघ मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

१०. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाएमा दरभाउपत्र दाताले कबोल गरेको अंकको ५% छुट दिइनेछ।र त्यसरी छुट रकम कट्टा गरेपछिको रकममा मात्र मु.अ.कर (VAT) १३% र अग्रीम आयकर बापतको १.५% थप गरी हुन आउने रकम सम्झौता रकम कायम गरिनेछ ।

११. शिलवन्दी दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र जमानत (बिडबण्ड) रकम छनौट नभएका दरभाउपत्र दाताले छनौट भएको दरभाउपत्र दातासँग कार्यालयको सम्झौता भइसकेपछि र छनौट भएको दरभाउपत्र दाताले आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्र पेश गरेपछि मात्र प्रदान गरिनेछ ।

१२. पेश भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर संकलन शुल्क असुल गर्दा तोकिएको दररेटमा मात्र कर असुली गर्नु पर्नेछ ।

१४. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर संकलन गर्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जे.सि.बि र ६ टायर भएका भन्दा ठुला हेभी उपकरणहरु प्रयोग गर्न पाइने छैन ।

१५. नदीजन्य सामाग्री ढुंगा, गिटी, बालुवा, दहत्तर-बहत्तरको संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहुदासम्म गर्न पाईने छैन ।

१६. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तरको संकलन तथा कारोबार गर्दा बालश्रम प्रयोग गर्न पाईने छैन । मजुदरको ज्यालाको हकमा नगरपालिकाको दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ ।

थमन सिंह ...
प्रमुख प्रशासकीय अधिकृत

भिमाद नगरपालिका
नगर कार्यपालिका कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश नेपाल
२०७३

१७. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर ओसारपसार गर्दा कार्यालयले तोकिएको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा ढुवानीका लागि प्रयोग गरिएको बाटो मर्मत गर्नुपर्ने भएमा कार्यालयको निर्देशनमा शिलबन्दी दरभाउपत्र दाता स्वयंले मर्मत सुधार गर्नुपर्ने छ।

१८. पानीले भिजेको र पानी चुहाएर ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर बोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

१९. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा तौल भन्दा न्यून विल काटी ढुवानी साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन ।

२०. आषाढ १ गतेदेखि भाद्र १५ गतेसम्म नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर संकलन गर्न नपाइने व्यवस्थाको पूर्णरुपले पालना गर्नुपर्नेछ।

२१. संकलन गरिएको नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर नदी किनार वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाइने छैन त्यसका लागि शिलबन्दी दरभाउपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ ।

२२. कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदीजन्य सामाग्री संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा शिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

२३. माथि उल्लेखित शर्तहरु उल्लघंन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी कार्यालयलाई सम्झौता बमोजिम बुझाउनु पर्ने बाँकी रहेको किस्ता रकम र सोही रकमको १०% रकम थप गरी कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) बाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइने छ ।

२४. विस्तुत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

शमन ... थापा
प्रमुख प्रशासकीय अधिकृत